# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १६/०८०/०८१ | **मितिः** २०८०/११/०३
ने.सं. ११४४ सिल्लाथ्व,६ विहीबार

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| का.वा. वडा अध्यक्ष, वडा नं ६ | श्री टुम्मनाथ काफ्ले | उपस्थित |
| लेखा अधिकृत | श्री विपिन लम्साल | उपस्थित |
| योजना शाखा प्रमुख | श्री हिमराज सेडाई | उपस्थित |
| प्रशासन शाखा प्रमुख | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक, प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

**आज मिति २०८० साल फागुन ३ गते विहीबार बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो।**

**१. समिक्षा।**

**१.१** अघिल्लो कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**१.२.**कार्यपालिकाको पूर्व निर्णय बमोजिम अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेका टाङटिङ, नेते तथा सुखानी खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलनका लागि पुनः ठेक्का आह्वान गरिएकोमा कुनै पनि बोलपत्र प्रस्ताव पेश नभएको व्यहोरा जानकारी भयो ।अतः उक्त नदीहरुबाट अनाधिकृत उत्खनन तथा संकलन रोक्नका लागि सुरक्षाकर्मी परिचालन तथा अन्य सुरक्षा व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

**१.३** अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको शनिश्चरे अस्पताल लगायत नगर कार्यपालिकाको कार्यालयको सेवा प्रवाहको समिक्षा गरियो ।हाल शनिश्चरे अस्पतालमा गुणस्तरीय उपकरणहरुका माध्यमबाट प्रयोगशाखा सञ्चालन गरिरहेको हुँदा अन्य वडाहरुबाट समेत विरामीहरुको नमुना संकलन गरी शनिश्चरे अस्पतालको प्रयोगशालाबाट परीक्षण गर्ने व्यवस्था मिलाउन स्वास्थ्य शाखाबाट आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

**२. शनिश्चरे अस्पतालको सेवा विस्तार सम्बन्धमा ।**

शनिश्चरे अस्पतालको च.नं.१८८ मिति २०८०/११/०२ गतेको सिफारिस पत्र बमोजिम जनस्वास्थ्य ऐन, २०७५ को दफा ३१ एवं नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विस्तारित अस्पताल सेवा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम शनिश्चरे अस्पतालमा देहाय बमोजिमको सेवा विस्तार गर्न स्वीकृति दिने निर्णय गरियो ।

**देहायः** LSCS, Laparotomy, VH with PFR, TAH, TAH with BSO, Ovarian cystectomy, Appendectomy, Hernioplasty, Hydrocelectomy and repair, Hemmoridectomy, Other Major and Minor procedures .

**३. प्राथमिकिकरण सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८०/८१का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने विद्यालयहरुको प्रस्तावलाई देहाय बमोजिम प्राथमिकिकरण गरी पठाउने निर्णय गरियो ।

| कार्यक्रम | प्रा.क्र.सं. | विद्यालयको नाम, ठेगाना |
|---|---|---|
| ४ कोठे भवन | १ | बालकल्याण प्रा.वि. अर्जुनधारा-६ |
| ४ कोठे भवन | २ | सिंहदेवी माध्यमिक विद्यालय, अर्जुनधारा-१ |
| ४ कोठे भवन | ३ | अरुणोदय आधारभुत विद्यालय, अर्जुनधारा-७ |
| ४ कोठे भवन | ४ | गणेश आधारभुत विद्यालय, अर्जुनधारा-१ |
| ICT ल्याब | १ | जनता माध्यमिक विद्यालय, अर्जुनधारा-३ |
| ICT ल्याब | २ | लक्ष्मी माध्यमिक विद्यालय, अर्जुनधारा-६ |

४. **करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा करार सेवामा विभिन्न पदमा कर्मचारीहरु कार्यरत रहेकोमा प्रदेश लोक सेवा आयोगबाट सम्बन्धि पदमा सिफारिस भई स्थायी पदपूर्ती भएका बाहेकको पदमा कार्यरत कर्मचारीहरुको करार अवधि २०८१ आषाढ मसान्तसम्म (२०८० माघ १ गतेबाट लागू हुने गरी) म्याद थप गर्ने निर्णय गरियो ।साथै, उक्त करार अवधिमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४४ बमोजिम करार सेवाका कर्मचारीहरुलाई २०८० फागुन महिनाबाट मासिक रु २००० महंगी भत्ता समेत थप गर्ने निर्णय गरियो ।

५. **नगर सभाको अधिवेशनमा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको नगर सभाको चौधौं नियमित अधिवेशनको पहिलो बैठकमा देहाय बमोजिम प्रस्तावहरु स्वीकृत गरी पेश गर्ने निर्णय गरियो ।

**क.** आ.व. २०८०/०८१ को आय तथा व्ययको संशोधित अनुमान, विनियोजन (पहिलो संशोधन) विधेयक, २०८०

**ख.** कञ्चनजंघा परामर्श सेवा प्रा.लि. को तर्फबाट तयार भएको यस अर्जुनधारा नगरपालिकाको आवधिक योजना २०८०/८१-८५/८६ अनुमोदन,

**ग.** नगर कार्यपालिकाको विभिन्न मितिको बैठकबाट बाँडफाँड भएका आयोजनाहरुको अनुमोदन ।

६. **सदस्य मनोनयन सम्बन्धमा** ।

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यका लागि गठन हुने तहवृद्धि सिफारिस समितिमा देहाय बमोजिम कर्मचारीहरुलाई सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

क. लेखा अधिकृत (अधिकृतस्तर आठौं) श्री विपिन लम्साल, सदस्य

ख. इञ्जिनियर (अधिकृतस्तर सातौं) श्री निता नेपाल, सदस्य

७. **कार्यविधि संशोधन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको **घ** वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० स्वीकृत गरियो ।

८. **म्याद थप सम्बन्धमा ।**

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (LSTB/SSTB) अन्तर्गत अर्जुनधारा नगरपालिका र सहारा नेपालको लागत साझेदारीमा अर्जुनधारा नगरपालिका सञ्चालन भईरहेका झोलुङ्गे पुल निर्माण सम्बन्धि आयोजनाहरुको म्याद २०८०/०८१ का लागि सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

## ९. न्यून कबोल भएका आयोजनाहरुको भेरिएसन सम्बन्धमा ।

यस नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत निम्न बमोजिमका आयोजनाहरुको ठेक्का बन्दोवस्त हुँदा अनुमानित लागत अनुमान भन्दा न्यून रकममा ठेक्का कबोल भई बाँकी रहेको रकम सोही योजनामा थप काम गरी प्रचलित कानून बमोजिम भेरिएसन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं | आयोजना |
|---|---|---|
| १ | AM/NCB/WORKS/04-80/81 | BLACK TOP ROAD WARD NO 4 |
| २ | AM/NCB/WORKS/05-80/81 | BLACK TOP ROAD WARD NO 7 |
| ३ | AM/NCB/WORKS/09-80/81 | BLACK TOP ROAD WARD NO 1 |
| ४ | AM/NCB/WORKS/15-80/81 | BLACK TOP ROAD WARD NO 5 |

## १०. दीर्घ साहित्य सम्मान कार्यक्रम सम्बन्धमा ।

अर्जुनधारा नगरपालिकामा रहनु भएका कला तथा साहित्य क्षेत्रमा योगदान पुर्याउने साहित्यकारहरुलाई सम्मान र प्रोत्सहान गर्न विगत वर्षबाटै गरिदै आएको दीर्घ साहित्य सम्मान कार्यक्रम सञ्चालनका लागि नगरपालिकाको भाषा कला साहित्य/प्रस्तावनमा आधारित कार्यक्रम शीर्षकबाट रु २ लाख बजेट विनियोजन गर्ने र उक्त कार्यक्रममा पुरष्कृत गरिने साहित्यकार छनौट गर्न उप प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

| | |
|---|---|
| उप प्रमुख श्री खड्गमाया पराजुली | संयोजक |
| साहित्यकार कृष्ण बराल, अर्जुनधारा-९ | सदस्य |
| साहितकार कुमार भट्टराई, अर्जुनधारा-८ | सदस्य |

## ११. बजेट विनियोजन सम्बन्धमा ।

अर्जुनधारा नगरपालिकाका देहाय बमोजिमका आयोजनाहरुका लागि देहाय बमोजिमको रकम निम्न श्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना | रकम(रु) | श्रोत |
|---|---|---|---|
| १ | प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र, अर्जुनधारा लाई विवाद समाधान सम्बन्धि कार्यमा सहजिकरणका लागि सहयोग | १ लाख | संघसंस्था प्रवर्द्धन |
| २ | वडा नं २ को भोर्लेनी टोल कर्णबहादुर थापाको घर छेउ र कमला कट्टेल घर छेउमा इनार निर्माण | २ लाख | प्रस्तावनामा आधारित |
| ३ | शिवनारायण प्रा.वि. गेट निर्माण | २ लाख | संघसंस्था प्रवर्द्धन |
| ४ | उमा महेश्वर शिवालय मन्दिर वडा नं ११ संरचना निर्माण | १ लाख | संघसंस्था प्रवर्द्धन |

१२. **विविधः**

१. अर्जुनधारा नगरपालिकामा ठेक्का बन्दोवस्त भएका नदीहरुको उत्खननका सम्बन्धमा नगरपालिकाको अनुगमन समितिबाट भएको अनुगमनको प्रतिवेदन बैठकमा जानकारी भयो ।

२. अर्जुनधारा नगरपालिकाबाट बन्दोवस्त भएको Construction of Embankment and Gabion Work at Thulo Nete River Arjundhara-1 र Construction of Embankment and Gabion Work at different river Arjundhara-1,4,5,7 ठेक्का मा सोही खोलाको नदीजन्य पदार्थ सोरेर तटबन्धन गर्नेसम्मको प्रयोजनका लागि सम्बन्धित ठेकेदारलाई हेभी मेसिनरी उपकरण सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

३. यस नगरपालिकाको आर्थिक ऐन तथा अन्य प्रचलित कानून बमोजिम नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसाय दर्ता कर तथा अन्य करहरु लामो समयदेखि नबुझाएका करदाताहरु समेत रहेको देखिएकाले लामो समयदेखि  कर नबुझाएका करदाताहरुलाई बक्यौता कर बुझाउनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

४. यस नगर कार्यपालिकाको मिति  २०८०/ ०९/ २५ गतेको निर्णय बमोजिम झापा नाटक घरलाई नाटक घर निर्माण गर्न संघसंस्था प्रवर्द्धन शीर्षकबाट रु ५० हजार उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी झापा नाटक घरलाई कार्यक्रम सञ्चालन गर्न उक्त रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. यस नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयको सुरक्षा गार्डको पदमा विगत २०७२ सालबाट सेवा गर्दै गत २०८० भाद्र महिनाबाट उमेरहदका कारण सेवा करार सम्झौताको म्याद सकिई अवकाश हुनु भएका अर्जुनधारा-५ निवासी श्री हेमनारायण चौधरीलाई नगरपालिकाको सामाजिक सेवा अनुदान शीर्षकबाट रु २५ हजार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

१३. **शोक प्रस्ताव सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ८ निवासी नेपाल सरकारका पूर्व सामान्य प्रशासन मन्त्री, जलश्रोत सहायक मन्त्री, साविक शनिश्चरे गाउँ पञ्चायतका प्रधानपञ्च, संविधान सभाका सदस्य समेत रहनु भएका श्री केशवकुमार बुढाथोकीको मिति २०८०/ १०/ २२ गते भएको असामयिक निधन प्रति यो बैठक गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरिएको छ । उहाँको निधनले यस क्षेत्रको अभिभावक गुमाएको महशुस गर्दै मिति २०८०/ १०/ २४ गते यस अर्जुनधारा नगरपालिका क्षेत्रमा दिइएको शोक विदा अनुमोदन गरियो ।